आज मिति २०७९।३।१० गते आइतबारका दिन यस माडी गाउँपालिका रोल्पाको गाउँसभाको १५ औं अधिवेशनमा यसै पालिकाका अध्यक्ष श्री अमरसिंह घर्तिमगर ज्यूको अध्यक्षता एवं देहायका महानुभाव-हरुको उपस्थितिमा अधिवेशनको दोस्रो बैठक बसी देहायनुसारको निर्णय गरियो।

उपस्थितिहरु :

| | |
|---|---|
| श्री अमरसिंह घर्तिमगर | अध्यक्ष माडी गा.पा. |
| श्री जयपुरी घर्तिमगर | उपाध्यक्ष ,, ,, |
| श्री रोहितसिंह घर्तिमगर | १ नं. वडाध्यक्ष, सभा सदस्य ,, ,, |
| श्री ललित घर्तिमगर | २ नं. ,, ,, ,, |
| श्री बल बहादुर बुढा | ३ नं. ,, ,, ,, |
| श्री रेग ब. मल्ल | ४ नं. ,, ,, ,, |
| श्री तेजेन्द्र बुढामगर | ५ नं. ,, ,, ,, |
| श्री खड्क ब. पुन | ६ नं. ,, ,, ,, |
| श्री ओसे कामी | कार्यपालिका सदस्य ,, ,, |
| श्री इन्द्र बहादुर मिटीमहर वि.कु. | ,, ,, ,, |
| श्री धनमायाँ घर्तिमगर | ,, ,, ,, |
| श्री जय कुमारी कुमाली | ,, ,, ,, |
| श्री बरमाली कुमारी बुढा | ,, ,, ,, |
| श्री अन्जली के.सी. | सभासदस्य ,, ,, |
| श्री देउकला नेपाली | ,, ,, ,, |
| श्री शिव प्रसाद वली | ,, ,, ,, |
| श्री रुपलाल बुढा | ,, ,, ,, |
| श्री अनिता परियार | ,, ,, ,, |
| श्री चन्द्र बहादुर रनडा | ,, ,, ,, |
| श्री सुरेन्द्र बुढामगर | ,, ,, ,, |
| श्री चन्द्र कुमारी बुढामगर | ,, ,, ,, |
| श्री भीम कुमारी दमाई | ,, ,, ,, |
| श्री हराव बहादुर रोका | ,, ,, ,, |
| श्री रत्न बहादुर डाँगी | ,, ,, ,, |
| श्री कालीमाली कामी | ,, ,, ,, |
| श्री कविराम घर्ति | ,, ,, ,, |
| श्री लुद्र बहादुर घर्ति | ,, ,, ,, |
| श्री दल ब. बुढा | ,, ,, ,, |

Scanned with CamScanner

हस्ताक्षर श्री देवहरी डाँगी सभा सदस्य माडी गा पा

श्री बल बहादुर घर्ति ,, ,, ,, ,,

श्री दिपेन्द्र डि.सी ,, ,, ,,

श्री लालचन्द्र दमाई ,, ,, ,,

श्री यज्ञ बहादुर भण्डारी सदस्य सचिव, प्र.प्र.अ. ,, ,,

कर्मचारीहरु :

Scanned with CamScanner

## बैठकका एजेन्डाहरू

१. बजेट वक्तव्य सम्बन्धमा ।
२. योजना तथा कार्यक्रम (आ.व. २०८१/८२ को) सम्बन्धमा
३. आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ पारित सम्बन्धमा ।
४. योजना बैंकमा समावेश गर्ने आयोजना तथा कार्यक्रम सम्बन्धमा ।
५. गा.पा.को नीतिगत निर्णय पारित सम्बन्धमा ।
६. तलवी प्रतिवेदन सम्बन्धमा ।
७. चालु आ.व. २०८०/८१ को बाँकी भुक्तानी सम्बन्धमा
८. माडी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक २०८१ पारित सम्बन्धमा
९. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

## निर्णयहरू:

निर्णय नं. १.

प्रस्ताव नं. १ माथी छलफल गर्दा आगामी आ.व. २०८१/८२ का लागि बजेट तथा कार्यक्रम समिति र कार्यपालिकाको बैठकले स्वीकृत गरी सिफारिस भई आएको बजेट वक्तव्य २०८१लाई सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २ माथी छलफल गर्दा आगामी आ.व. २०८१/८२ का लागि तर्जुमा भएको राजश्व र व्ययको विवरण, योजना तथा कार्यक्रम र बजेटमाथी व्यापक छलफल गरी कार्यपालिकाबाट स्वीकृत भई आए अनुरुपमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथी छलफल गर्दा आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ लाई सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

माडी गाउँपालिका
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८१/०८२

२०८१ असार ९ गते

माडी गाउँसभाको १५ औं अधिवेशनको दोस्रो बैठकमा उपस्थित
सभाध्यक्ष ज्यू
सभाका सदस्यज्यूहरु,
सचिवालयका कर्मचारी मित्रहरु,
पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,
सम्पूर्णमा नमस्कार,

१. माडी गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट सभाध्यक्ष ज्यूको अनुमतिमा आर्थिक विकास समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को बार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम मुलुकको राष्ट्रिय हित, लोकतन्त्र तथा सामाजिक न्याय र नेपालको अग्रगामी परिवर्तनका खातिर भएको विभिन्न आन्दोलन र पटक पटकको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेपालको विभिन्न क्षेत्रमा परिवर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने आम नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. जनप्रतिनिधिको हैसियतले सम्मानीत गाउँ सभा समक्ष आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, पालिकाको चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित गाउँसभाबाट स्वीकृत गाउँ सरकारको आ.व २०८१/८२ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसैगरी राजनैतिक दलका स्थानीय नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, टोल विकास संस्था, स्थानीय सामुदायिक संघ संस्था लगायतका सरोकारवाला पक्षहरुबाट प्राप्त राय, परामर्श र रचनात्मक सुझावहरुलाई समेत समेट्दै आगामी आ.व २०८१/८२ को अनुमानित बजेट प्रस्ताव गरेको छु ।

४. गाउँपालिका भित्रका, नागरिकहरुलाई स्वरोजगार बनाउन स्थानीय स्रोत, श्रम, सीपको प्रयोग गरि विकास योजना संचालन गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत खर्चको अंश बढाउने, चालु खर्चमा मितव्ययीता ल्याउने, फजुल खर्च नियन्त्रण गर्ने जस्ता नीति अख्तियार गरी बजेट प्रस्तुत गरेको छु । योजना तथा कार्यक्रम छनौटमा साधन र श्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनालाई न्युनीकरण गर्न प्रशासनीक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

५. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजश्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेको छु। यो लगानीबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र पालिकाको विकास हासिल हुने अपेक्षा गरेको छु ।

६. निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नको लागि संचालित महत्वपूर्ण योजनाहरुलाई आगामी आ.व मा सम्पन्न गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरेको छु । यस बजेटको सबल कार्यान्वयनले गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद् व्यवस्थापन, सेवा प्रवाह, स्थानीय न्याय निरुपण र मानव विकासमा थप टेवा पुग्ने अपेक्षा लिएको छु ।

सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,
अब म चालु आ.व. २०८०/८१ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालु आ.व का लागि संघीय सरकारबाट विनियोजन भएको समानिकरण अनुदान र ७ करोड ८८ लाख मध्ये रु ५ करोड ८३ लाख १२ हजार प्राप्त भएको, राजश्व बाँडफाँड तर्फ रु ७ करोड ९७ लाख १ हजार ४ सय मध्ये जेठ मसान्त सम्म रु ५ करोड ८९ लाख ४१ हजार २ सय ९५ प्राप्त भएको र सशर्त अनुदान तर्फ रु १६ करोड ८ लाख मध्ये ११ करोड ६२ लाख ३ हजार प्राप्त भएको छ । साथै प्रदेश समानीकरण तर्फ रु ५२ लाख ६६ हजार मध्ये रु ३३ लाख ९९ हजार ५ सय प्राप्त भएको, सशर्त अनुदान तर्फ रु ८१ लाख ५० हजार मध्ये ४० लाख ७५ हजार प्राप्त भएको, समपुरक तर्फ रु १ करोड मध्ये रु ५० लाख प्राप्त भएको र राजश्व बाँडफाँड तर्फ रु ३६ लाख २ सय १९ मध्ये रु ३० लाख ११ हजार ३ सय १ प्राप्त भएको छ ।
२. गाउँपालिकाको कूल राजश्व अनुमान रु ५० लाख रहेकोमा २०८१ जेठ मसान्त सम्म रु २८ लाख ७५ हजार आन्तरिक आय संकलन भएको छ ।

सभाध्यक्ष महोदय तथा गाउँसभाका सदस्यज्यूहरु,
३. यस गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी माडी गाउँपालिकालाई नमूना गाउँपालिकको रुपमा विकास गर्न र कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार भन्ने दीर्घकालीन सोचका साथ आगामी आ.व.को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

बजेट तथा कार्यक्रमका उद्देश्यहरुः

- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच सबै गाउँवासीमा सुनिश्चित गर्ने,
- स्वास्थ्य सरसफाइ तथा स्वच्छ खानेपानी एवं पोषणमा लगानी गरी आम नागरिकको जीवनस्तरमा सुधार गर्ने
- कृषि तथा पशुपालन व्यवसायलाई उत्पादनमूलक आत्मनिर्भर बनाउदै रोजगारीका अवसर सिर्जना गर्ने र बजारीकरणको सुनिश्चितता गर्ने
- पर्यटन क्षेत्रको पहिचान र विकास गरी जनताको आयस्तर वृद्धि गर्ने
- स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत सामाजिक न्याय सहितको दीगो आर्थिक वृद्धि गर्ने
- वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकास नीति अवलम्बन गर्ने
- सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणका लागि लक्षित वर्गको हित अनुकूल कार्यक्रमहरु संचालन गर्ने
- सेवा प्रवाहलाई जनमूखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने
- संघ र प्रदेश सरकारका नीति तथा कार्कमसंग सहकार्य र समन्वय गरी विभिन्न योजना तथा कार्यक्रमहरु निर्माण तथा संचालन गर्ने

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी, नेपाल



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

४. बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।

- कृषि, पशुपालन, बजारीकरण र रोजगारी सृजना
- आधारभूत शिक्षा तथा शैक्षिक सुधार कार्यक्रम
- आधारभूत स्वास्थ्य तथा पोषण सुधार एवं खानेपानी तथा सरसफाइ
- स्थानीय स्रोत साधन परिचालनमा जनसहभागिता
- स्थानीय पुर्वाधार निर्माण, हरित विकास तथा पर्यटन प्रवर्द्धन
- ज्येष्ठ नागरिक अपाङ्ग अशक्त तथा असहाय व्यक्ती लक्षित कार्यक्रम
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- गुणस्तरीय सेवा प्रवाह संस्थागत विकास र सुशासन प्रवर्द्धन
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- समन्वय र सहकार्य

सभाध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. माडी गाउँपालिका स्तरीय वहुबर्षीय र पालिकाका गौरवका योजनाहरुलाई बजेट विनियोजनमा विशेष जोड दिएको छ ।

६. प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्युनतम रु २५ लाख र अधिकतम रु ४० लाख बजेट निर्धारण गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

७. अब म क्षेत्रगत रुपमा तय गरिएका कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

पूर्वाधार विकास तर्फः

८. गत वर्ष सञ्चालन भएका तर पूरा नभएका योजनालाई निरन्तरता दिईएको छ । निर्माण भएका सडकहरुको स्तरोन्नती र दीगोपना कायम गर्नका साथै गाउँको पैसा गाउँमै रहोस भन्ने अभिप्रायले मर्मत गर्नुपर्ने सडकहरुलाई विशेष अवस्थामा बाहेक श्रममा आधारित बनाईने व्यवस्था मिलाइएको छ ।यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९. संघ र प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाका मुख्य सडक, खानेपानी, सिंचाई लगायतका योजना कार्यान्वयनका लागि बजेट सुनिश्चित गरिएको छ ।गाउँपालिका भित्रका मुख्य सडकहरु लगायत ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिका क्षेत्रका विद्यालयहरुमा शैक्षिक वातावरणको प्रभावकारी व्यवस्थापनका लागि विद्यालय भवन निर्माण, प्रविधमैत्री शिक्षा बालमैत्री कक्षाकोठा निर्माण र क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११. पालिका भित्रका आकस्मिक भैपरी आउने अत्यावश्यक भौतिक पूर्वाधार विकास र मर्मत संभारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. खानेपानी तथा सरसफाइ र सिंचाइमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. प्रदेश सरकारबाट समपूरक योजना कार्यान्वयनका लागि रु ७० लाख बजेट विनियोजन गरको छु ।

१४. संघीय सरकारबाट समपूरक अनुदान तर्फ पुल्वाङ धुरी युद्ध पर्यटन निर्माणका लागि रु ५० लाख प्राप्त भएकोले सो योजना निर्माण गर्न रु ५० लाख पालिकाबाट विनियोजन गरेको छु ।समग्रमा पूर्वाधार विकासका लागि रु ३ करोड ७८ लाख २५ हजार बजेट विनियोजन गरेको छु ।

आर्थिक विकास तर्फः

१५. माडी गाउँपालिकाको कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार भन्ने नारालाई सार्थक बनाउनका लागि कृषि पशुपालन पर्यटन उद्यमशीलताका क्षेत्रमा केन्द्रित भई कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१६. कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्न विउ वितरण, बाली संरक्षण, तरकारी एवं फलफुल खेती लगाएतका कार्यक्रम गर्नका लागि रु ७ लाख विनियोजन गरेको छु ।

१७. गाउँपालिकाबाट लागत साझेदारी गरी स्मार्ट कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम गर्नका लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।

१८. पशु स्वास्थ्य शिविर सञ्चालन, औषधि तथा घाँसको विउ वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. पर्यटन पर्वद्धनको माध्यमबाट गाउँपालिकाका नागरिकहरुको आयस्तर वृद्धि गर्न माडी गाउँपालिकाको पुल्वाङ्ग धुरी युद्ध पर्यटन विकासका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

२०. माडी गाउँपालिकाको क्षेत्रमा कृषि तथा पशु विकासको माध्यमबाट समृद्ध माडी बनाउन त्यस क्षेत्रको व्यवसायीकरण गर्न जरुरी ठानिएको छ । समग्रमा आर्थिक विकास क्षेत्रमा रु १ करोड २४ लाख लाख बजेट विनियोजन गरेको छु ।

सामाजिक विकास तर्फः

२१. स्वास्थ्य सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाई आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालनका लागि रु ३५ लाख विनियोजन गरेको छु ।

२२. शिक्षा क्षेत्रमा आमूल परिपर्तन गर्दै यसलाई सुदृढ, दीगो समावेशी र सर्वसुलभ बनाउन र यस क्षेत्रको समग्र विकास र प्रवर्द्धनका लागि नीतिगत संरचनागत एवं जनशक्तीगत व्यवस्थापन गर्न रु २ करोड ३७ लाख ९० हजार रकम विनियोजन गरेको छु ।

२३. महिला बालबालीका जेष्ठ नागरिक लगायत लक्षित वर्गसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महिला तथा बालबालिका तर्फ रु ८ लाख विनियोजन गरेको छु ।

२४. सामाजिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न समग्रमा रु ३ करोड ९० लाख ६५ हजार विनियोजन गरेको छु ।

वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः

२५. वन तथा वातावरण व्यवस्थापनका लागि वृक्षारोपण रिचार्ज पोखरी र मूल संरक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२६. बजार क्षेत्रमा संकलन हुने फोहोरको उचित व्यवस्थापन गरी स्वच्छ र सफा राख्न फोहोरमैला व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

२७. विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तीनको व्यवस्थापन गर्न प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि रु २५ लाख बजेटको व्यवस्था गरेको छु ।

सुशासन तथा संस्थागत विकास तर्फः

२८. सञ्चार जगतसंग समन्वय गरी मिडिया सहकार्य, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. कार्यालयको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि तथा कर्मचारी हरुका लागि आवश्यक तालिम, अभिमुखिकरण गोष्ठी सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०. विकास निर्माण कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कारयक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा

अमर सिंह घर्तिमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

३१. कार्यालयका कामकाजलाई छिटो छरितो प्रभावकारी र सूचना प्रविधिमैत्री बनाउन गाउँपालिकाको डिजिटल प्रोफाईल, डिजिटल नागरिक वडापत्र लगायतका प्रणाली खरिद गर्न आवश्यक रकम विनियोजन गरेको छु । समग्र सुशासन तथा संस्थागत व्यवस्थाका लागि रु ३२ लाख ७० हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरु, अब म आगामी आर्थिक वर्ष २०८१/८२ को लागि माडी गाउँपालिकाको राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३२. आगामी आ.व. को नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३९ करोड ९६ लाख ५५ हजार विनियोजन गरेको छु ।
जसमध्ये आन्तरिक स्रोत, राजस्व बाँडफाँड र समानीकरण अनुदानको कूल बजेट मध्ये चालुतर्फ रु.१३,३१,९२,००० ( ७१.४५ प्रतिशत) र पूँजीगत तर्फ रु.५,३२,०५,०००(२८.५५ प्रतिशत) विनियोजन गरेको छु ।

३३. आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ५० लाख, चालू आ.वमा खर्च नभइ बाँकी रहने अनुमानित रकम रु ५० लाख, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान रु ७ करोड ८८ लाख, राजश्व बाँडफाँड रु ८ करोड ४६ लाख, विशेष अनुदान रु १ करोड ५० लाख समपूरक अनुदान रु ५० लाख र सशर्त अनुदान रु १७ करोड ८१ लाख ३६ हजारको बजेट सीलिङ प्राप्त भएको छ ।

त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु ५० लाख ११ हजार, राजश्व बाँडफाँड रु ३६ लाख ८ हजार, सशर्त अनुदान रु १ कारोड ५ लाख, समपूरक अनुदान रु ७० लाख र विशेष अनुदान रु २० लाख को सीमा प्राप्त भएको व्यहरा अनुरोध गर्दै अन्य संघ संस्था र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाई प्राप्त भएपछि समावेश गरी बजेटको एकिकृत रुप तयार गरिनेछ ।

३४. आर्थिक वर्ष २०८१/८२ को विस्तृत बजेट वाँडफाँड अनुसूची २ र ३ मा संलग्न गरिएको छ ।

अन्त्यमा,

गाउँपालिकमा उपलव्ध सीमित स्रोत साधनको कारण अपेक्षाकृत आम नागरिकका तत्कालिन समस्यालाई समाधान गर्न सक्ने खालका कार्यक्रमहरु समावेश गर्न नसकिएकोमा क्षमा चाहन्छु । गाउँपालिका भित्रका ठूला योजना सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारसंग प्रभावकारी समन्वय गरिदै आएको छ र गरिनेछ पनि। योजना तथा बजेट तर्जुमा गर्दा सल्लाह सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँबासीहरु राजनीतिक दलहरु संघ संस्थाहरु र गाउँपालिकाका कर्मचारीहरु प्रति आभार प्रकट गर्दै बजेटको प्रभावकारी कार्यान्वयनका लागि पूर्ण सहयोग सहकार्य र समन्वयको आशा र अपेक्षा राखेको छु ।

धन्यवाद ।

संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल



Scanned with CamScanner

आ.व.२०८१/०८२ मा नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुमानित स्रोत विवरण तथा स्थानीय तहको स्रोत व्यवस्थापन

| क.स | विवरण | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | संघीय अनुदान समानीकरण | ७८८००००० | सात करोड अठासी लाख मात्र। |
| २ | संघीय अनुदान सशर्त | १७८१३६००० | सत्र करोड एकासी लाख छतीस हजार मात्र। |
| ३ | संघीय राजश्व बाँडफाड | ८४६००००० | आठ करोड छयासी लाख मात्र। |
| ४ | संघीय विशेष अनुदान | १५०००००० | एक करोड पचास लाख मात्र। |
| ५ | संघीय सम्पुरक अनुदान | ५०००००० | पचास लाख मात्र । |
| | जम्मा | ३६१५३६००० | छतीस करोड पन्ध्रँ लाख छतीस हजार मात्र। |
| १ | प्रदेश अनुदान वित्तीय समानीकरण | ५०११००० | पचास लाख एघार हजार मात्र। |
| २ | प्रदेश अनुदान शसर्त | १०५००००० | एक करोड पाच लाख मात्र । |
| ३ | प्रदेश विशेष अनुदान | २०००००० | बीस लाख मात्र । |
| ४ | प्रदेश राजश्व बाँडफाड | ३६०८००० | छतीस लाख आठ हजार मात्र । |
| ५ | प्रदेश सम्पुरक अनुदान | ७०००००० | सहतरी लाख मात्र । |
| ६ | जम्मा | २८११९००० | दुई करोड एकासी लाख उन्नाई हजार मात्र । |
| ७ | आन्तरिक राजश्व | ५०००००० | पचास लाख मात्र । |
| ८ | अन्या | ५०००००० | पचास लाख मात्र । |
| | जम्मा | १०००००००० | एक करोड मात्र । |
| | कुल जम्मा | ३९९६५५००० | उन्चातीस करोड छयान्न्बे लाख पच्पन्न हजार मात्र । |

गाउँपालिका चालु खर्च तर्फ

| क.स | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
|---|---|---|---|
| १ | कर्मचारी पारिश्रमिक | २०८१७००० | दुई करोड आठ लाख सात हजार मात्र। |
| २ | पदाधिकारी अन्य सेवा सुविधा | ७५००००० | पच्चत्तर लाख मात्र । |
| ३ | संचार तथा महशुल गा.पा | १०००००० | दश लाख मात्र। |
| ४ | ईन्धन कार्यालय प्रयोजन | ९००००० | नौ लाख मात्र । |
| ५ | ईन्धन कार्यालय डोजर | २२००००० | बाईस लाख मात्र । |
| ६ | विमा तथा नवीकरण | ८००००० | आठ लाख मात्र । |
| ७ | गा.पा मसलन्द तथा कार्यालय समाग्री | १८००००० | अठार लाख मात्र । |
| ८ | योजना अनुगमन तथा मुल्याङ्कन | ४००००० | चार लाख मात्र । |
| ९ | अनुगमन तथा मुल्याङ्कन खर्च(पदाधिकारी/कर्मचारी) | ९००००० | नौ लाख मात्र । |
| १० | भ्रमण खर्च अन्तर जिल्ला | ३००००० | तीन लाख |
| ११ | भ्रमण खर्च विशिष्ट व्यक्ति | १५०००० | एक लाख पचास हजार |
| १२ | विविध खर्च गा.पा | २०००००० | बीस लाख मात्र । |
| १३ | अन्य भत्ता | १८६००० | एक लाख छयासी हजार मात्र । |
| १४ | जोखिम भत्ता | २०४००० | दुई लाख चार हजार मात्र । |
| १५ | परामर्श खर्च | ४५००००० | पैतालिस लाख मात्र। |
| १६ | सभा संचालन खर्च | ३००००० | तीन लाख मात्र । |
| १७ | घर भाडाँ | १०००००० | दश लाख मात्र। |
| १८ | बस पार्क भाडा | ८०००० | असी हजार मात्र |
| १९ | कर्मचारी भ्रमण खर्च | ९००००० | नौ लाख मात्र । |
| २० | कर्मचारी सरुवा भ्रमण खर्च | ४००००० | चार लाख मात्र । |
| २१ | पदाधिकारी भ्रमण खर्च | १०००००० | दश लाख मात्र। |
| २२ | करार सेवा शुल्क | १६३००००० | एक करोड त्रिसट्ठी लाख मात्र । |
| २३ | म्याचिङ्ग | ३०००००० | तीस लाख मात्र । |
| २४ | शिक्षा गा.पा अनुदान (तलब भत्ता) | २०७९०००० | दुई करोड सात लाख नब्बे हजार |

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| | जम्मा | ८७४२७००० | आठ करोड चहतर लाख सताईस हजार मात्र । |
| | | वडातर्फ चालु खर्च | |
| | | अनुगमन तथा मुल्याङ्न खर्च | |
| १ | वडा नं. १ | ५०००० | पचास हजार मात्र । |
| २ | वडा नं. २ | ५०००० | पचास हजार मात्र । |
| ३ | वडा नं. ३ | ५०००० | पचास हजार मात्र । |
| ४ | वडा नं. ४ | ५०००० | पचास हजार मात्र । |
| ५ | वडा नं. ५ | ५०००० | पचास हजार मात्र । |
| ६ | वडा नं. ६ | ५०००० | पचास हजार मात्र । |
| | जम्मा | ३००००० | तीन लाख मात्र । |
| | | भ्रमण खर्च | |
| १ | वडा नं. १ | ८०००० | असी हजार मात्र |
| ३ | वडा नं. ३ | ८०००० | असी हजार मात्र |
| ४ | वडा नं. ४ | ८०००० | असी हजार मात्र |
| ५ | वडा नं. ५ | ८०००० | असी हजार मात्र |
| ६ | वडा नं. ६ | ८०००० | असी हजार मात्र |
| | जम्मा | ४००००० | चार लाख हजार मात्र । |
| | | ईन्धन खर्च | |
| | वडा नं. १ | ३०००० | तीस हजार मात्र । |
| | वडा नं. २ | ३०००० | तीस हजार मात्र । |
| | वडा नं. ३ | ३०००० | तीस हजार मात्र । |
| | वडा नं. ४ | ३०००० | तीस हजार मात्र । |
| | वडा नं. ५ | ३०००० | तीस हजार मात्र । |
| | वडा नं. ६ | ३०००० | तीस हजार मात्र । |
| | जम्मा | १८०००० | एक लाख असी हजार मात्र । |
| | | पदाधिकारी बैठक भत्ता | |
| १ | वडा नं. १ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| २ | वडा नं. २ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| ३ | वडा नं. ३ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| ४ | वडा नं. ४ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| ५ | वडा नं. ५ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| ६ | वडा नं. ६ | २३०००० | दुई लाख तीस हजार मात्र । |
| | जम्मा | १३८०००० | तेह्र लाख असी हजार मात्र । |
| | | पानी तथा बिजुली | |
| १ | वडा नं. १ | ५०००० | पचास हजार मात्र । |
| २ | वडा नं. २ | ५०००० | पचास हजार मात्र । |
| ३ | वडा नं. ३ | ५०००० | पचास हजार मात्र । |
| ४ | वडा नं. ४ | ५०००० | पचास हजार मात्र । |
| ५ | वडा नं. ५ | ५०००० | पचास हजार मात्र । |
| ६ | वडा नं. ६ | ५०००० | पचास हजार मात्र । |
| | जम्मा | ३००००० | तीन लाख मात्र । |
| | | संचार तथा महशुल | |
| १ | वडा नं. १ | २०००० | बीस हजार मात्र । |
| २ | वडा नं. २ | २०००० | बीस हजार मात्र । |
| ३ | वडा नं. ३ | २०००० | बीस हजार मात्र । |
| ४ | वडा नं. ४ | २०००० | बीस हजार मात्र । |

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | वडा नं. ५ | २०००० | बीस हजार मात्र । |
| ६ | वडा नं. ६ | २०००० | बीस हजार मात्र । |
| | जम्मा | १२०००० | एक लाख बीस हजार मात्र। |
| | | मसलन्द तथा कार्यालय समाग्री | |
| १ | वडा नं. १ | २००००० | दुई लाख मात्र । |
| २ | वडा नं. २ | २००००० | दुई लाख मात्र । |
| ३ | वडा नं. ३ | २००००० | दुई लाख मात्र । |
| ४ | वडा नं. ४ | २००००० | दुई लाख मात्र । |
| ५ | वडा नं. ५ | २००००० | दुई लाख मात्र । |
| ६ | वडा नं. ६ | २००००० | दुई लाख मात्र । |
| | जम्मा | १२००००० | बाह्र लाख मात्र । |
| | | विविध कार्यक्रम खर्च | |
| १ | वडा नं. १ | ३४०००० | तीन लाख चालिस हजार । |
| २ | वडा नं. २ | १००००० | एक लाख । |
| ३ | वडा नं. ३ | ३४०००० | तीन लाख चालिस हजार । |
| ४ | वडा नं. ४ | ३४०००० | तीन लाख चालिस हजार । |
| ५ | वडा नं. ५ | ३४०००० | तीन लाख चालिस हजार । |
| ६ | वडा नं. ६ | ३४०००० | तीन लाख चालिस हजार । |
| | जम्मा | १८००००० | अठार लाख मात्र । |
| | | विविध खर्च | |
| १ | वडा नं. १ | १००००० | एक लाख मात्र । |
| २ | वडा नं. २ | ४२०००० | चार लाख बीस हाजार मात्र । |
| ३ | वडा नं. ३ | १००००० | एक लाख मात्र । |
| ४ | वडा नं. ४ | १००००० | एक लाख मात्र । |
| ५ | वडा नं. ५ | १००००० | एक लाख मात्र । |
| ६ | वडा नं. ६ | १००००० | एक लाख मात्र । |
| | जम्मा | ९२०००० | नौ लाख बीस हजार मात्र । |
| | | गाउँपालिका पूँजीगत तर्फ | |
| १ | प्रशासकीय भवन फर्निचर खरिद | २०००००० | बीस लाख मात्र । |
| २ | सवारी साधन खरिद तथा मर्मत खर्च | १८००००० | अठार लाख मात्र |
| ३ | ल्यापटप तथा कम्प्युटर खरिद | ५००००० | पाँच लाख मात्र । |
| ४ | गत आ.व. को बाँकी भुक्तानी | ९१००००० | एकान्बे लाख मात्र । |
| | जम्मा | १३४००००० | एक करोड चौतिस लाख मात्र । |
| | | सम्पुरक प्रदेश सरकार अन्तर्गतका योजनाहरु | |
| | योजनाको नाम | प्रदेश अनुदान रु. | गा.पा योगदान रु. |
| १ | भावाङ स्वास्थ्य चौकी भवन निर्माण वडा नं.५ | ३५००००० | ३५००००० (पैंतीस लाख मात्र) |
| २ | श्री कृष्ण मा.वि भवन निर्माण योजना वडा नं.२ घर्तिगाउँ | ३५००००० | ३५००००० (पैंतीस लाख मात्र) |
| | जम्मा | ७०००००० | ७०००००० (सहत्तरी लाख मात्र) |
| | सम्पुरक संघीय सरकार अन्तर्गतका योजनाहरु | | एक करोड मात्र । |
| | योजनाको नाम | संघीय सरकार | गा.पा योगदान रु. |
| १ | पुलवाङ धुरी युद्ध पर्यटन क्षेत्र निर्माण | ५०००००० (पचास लाख) | ५०००००० (पचास लाख ) |
| | जम्मा | | १०००००० |
| | गाउँपालिका तर्फका विषय क्षेत्रगत योजना तथा कार्यकमहरु | | |

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | सामाजिक विकास | | |
|---|---|---|---|
| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
| १ | स्वास्थ्य शाखा | ३५००००० | पैतिस लाख मात्र । |
| २ | शिक्षा शाखा | ३०००००० | तीस लाख मात्र । |
| ३ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | ८००००० | आठ लाख मात्र । |
| ४ | पूर्ण सरसफाई तथा स्वच्छता (वास) | ८००००० | आठ लाख मात्र । |
| ५ | घर्तीगाउँ आयुर्वेद्ध औषधालय | ३००००० | तीन लाख मात्र । |
| ६ | माडी प्रंज्ञा प्रतिष्ठान | ५००००० | पाँच लाख मात्र । |
| ७ | माडी खेलकुद विकास समिति | ५००००० | पाँच लाख मात्र । |
| ८ | शहरी आखाँ केन्द्र | ६००००० | छ लाख मात्र |
| ९ | किशोरकिशोरी तथा आमा समुह सँग उपाध्यक्ष कार्यक्रम | ४००००० | चार लाख मात्र । |
| १० | दलित सचेतना कार्यक्रम | ३००००० | तीन लाख मात्र । |
| ११ | राष्ट्रपती रनिङ शिल्ड | १०००००० | दश लाख मात्र । |
| १२ | न्याय व्यवस्थापन | ३००००० | तीन लाख । |
| | जम्मा | १२०००००० | एक करोड बीस लाख मात्र । |

| | आर्थिक विकास | | |
|---|---|---|---|
| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
| १ | कृषि विकास शाखा | ७००००० | सात लाख मात्र । |
| २ | पशु विकास शाखा | ७००००० | सात लाख मात्र । |
| ३ | हेफर परियोजना साझेदारी कार्यक्रम | १००००००० | एक करोड |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १०००००० | दश लाख मात्र । |
| | जम्मा | १२४००००० | एक करोड चौबिस लाख मात्र । |

पुर्वाधार विकास

| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
|---|---|---|---|
| १ | कांगती बारी खानेपानी निर्माण योजना माडी-३ | ३०००००० | तीस लाख मात्र । |
| २ | स्वास्थ्य भवन निर्माण माडी-३ | ३०००००० | तीस लाख मात्र । |
| ३ | झारम खोला खानेपानी निर्माण माडी-३ | ६००००० | छ लाख मात्र |
| ४ | वेखेवाइ् चमनिगा माडी-३ जोड्ने मो.बा | १०००००० | दश लाख मात्र । |
| ५ | रिजावाइ खानेपानी निर्माण | १०००००० | दश लाख मात्र । |
| ६ | भोटनामा मो.बा निर्माण | ५००००० | पाँच लाख मात्र । |
| ७ | सडक सफाई | ४०००००० | चालिस लाख मात्र । |
| ८ | श्री ने.रा.मा.वि आँठ कोठे भवन निर्माण क्रमागत | २५००००० | पच्चीस लाख मात्र । |
| ९ | राजखर्क देखि ताले झिनुवा जोड्ने मो.बा निर्माण माडी-१ | २५००००० | पच्चीस लाख मात्र । |
| | जम्मा | १८१००००० | एक करोड एकासी लाख मात्र । |

वन, वातावरण तथा विपद् व्यस्थापन

| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
|---|---|---|---|
| १ | प्रकोप तथा विपद् व्यवस्थापन | २५००००० | पच्चीस लाख मात्र । |
| २ | वन तथा वातावरण संरक्षण कार्यक्रम | १००००० | एक लाख रुपैया मात्र । |
| ३ | स्काउट कार्यक्रम | १००००० | एक लाख रुपैया मात्र । |
| ४ | फोहोरमैला व्यवस्थापन | ५००००० | पाँच लाख मात्र । |
| | जम्मा | ३२००००० | बतीस लाख मात्र । |

सुशासन तथा संस्थागत विकास

| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | ५००००० | पाँच लाख मात्र । |

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २ | उपभोक्ता हित संरक्षण | २००००० | दुई लाख मात्र । |
| ३ | ऐन, नियम, कार्यविधी, निर्देशिका निर्माण तथा परिमार्जन | ४००००० | चार लाख मात्र । |
| ४ | उजुरी पेटिका | २०००० | बीस हजार मात्र । |
| ५ | पुस्तकालय (बुक कर्नर) | २००००० | दुई लाख मात्र । |
| ६ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ५००००० | पाँच लाख मात्र । |
| ७ | तालिम गोष्ठी जनप्रतिनिध/कर्मचारी | ३००००० | तीन लाख मात्र । |
| ८ | उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम | ५००००० | पाँच लाख मात्र । |
| ९ | राष्ट्रिय परिचय पत्र तथा बायमेट्रिक प्रणाली (पंजिकरण शाखा) | ४५०००० | चार लाख पचास मात्र । |
| १० | समृद्ध माडी रेडियो कार्यक्रम | २००००० | दुई लाख मात्र । |
| | जम्मा | ३२७०००० | बत्तीस लाख सहत्तर हजार मात्र । |

| | वडातर्फ विनियोजित रकम | | |
|---|---|---|---|
| | कार्यक्रम | विनियोजित रकम | अक्षेरुपी |
| १ | वडा नं. १ | ४०००००० | चालिस लाख मात्र । |
| २ | वडा नं. २ | २५००००० | पच्चीस लाख मात्र । |
| ३ | वडा नं. ३ | २५००००० | पच्चीस लाख मात्र । |
| ४ | वडा नं. ४ | २५००००० | पच्चीस लाख मात्र । |
| ५ | वडा नं. ५ | ४०००००० | चालिस लाख मात्र । |
| ६ | वडा नं. ६ | २५००००० | पच्चीस लाख मात्र । |
| | जम्मा | १८०००००० | एक करोड असी लाख मात्र । |
| | | | |

वडा तर्फ विनियोजित बजेट शिर्षक र विनियोजित रकम

| | वडा नं. १ | | |
|---|---|---|---|
| | पूर्वाधार विकास | | |
| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | तिथा स्मृती टोल विकास संस्था कानल चार राउडाडा पाइप खरिद तथा ट्याङ्की निर्माण | १००००० | एक लाख मात्र । |
| २ | पुजा स्मृति टोल विकास संस्था शिषाखानी पेदिखोला थप खा.पा निर्माण | १००००० | एक लाख मात्र । |
| ३ | तिबाङ्ग खोला टोल विकास संस्था आखरना दाख स्यानाखार खा.पा थप निर्माण | १००००० | एक लाख मात्र । |
| ४ | अजुनदेव स्मृत टोल विकास लापटाङ्ग खा.पाको शाखा लाइन तथा एक घर एक धारा निर्माण | २००००० | दुई लाख मात्र |
| ५ | खागिल धुरी टोल विकास संस्था कुनके खा.पा मर्मत | १५०००० | एक लाख पचास हजार मात्र । |
| ६ | तिर्था स्मृती टोल विकास संस्था काफलनेटा घर्तिखोला पाईप खरिद | ५०००० | पचास हजार मात्र । |
| ७ | बिरबल स्मृत टोल विकास संस्था धानटा दानखा छट्क डुङ्गा हुद जपाल, रिङ्घु जोड्ने मो.बा निर्माण | ५००००० | पाँच लाख मात्र । |
| ८ | विशाल स्मृत टोल विकास संस्था श्री कृष्ण मा.वि मा.बा तथा फिल्ड निर्माण | ५००००० | पाँच लाख मात्र । |
| ९ | सन्जु स्मृति टोल विकास संस्थाको भवन निर्माण | २००००० | दुई लाख मात्र |
| १० | सप स्मृत टोल विकास संस्था जलावरा मुहान दाख कालाभिर ताल सिंचाइ निर्माण | २००००० | दुई लाख मात्र |
| ११ | सन्देश स्मृति टोल विकास संस्था प्यूठान तारा आरेघाट चर्पी निर्माण | १००००० | एक लाख मात्र । |
| १२ | विशाल स्मृत टोल विकास संस्था गाउघर क्लिनिक भवनको पाटशन निर्माण | २००००० | दुई लाख मात्र |
| १३ | हुनान स्मृति टोल विकास संस्थाको विघूत पोल खरिद | ३००००० | तीन लाख मात्र । |
| १४ | पुजा स्मृति टोल विकास संस्था ढाराबास सिंचाई ट्याङ्की घेरबार निर्माण | ३०००० | तीस हजार मात्र । |

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| १५ | सन्जु स्मृति टोल विकास संस्था श्री सरस्वती नि.मा.विको बाल विकास भित्तेलेखन तथा नर्सरी | १००००० | एक लाख मात्र । |
| १६ | तिवाइ खाला टोल विकास संस्था आखरना जनता प्रा.वि तुसारपानी जाइन मो.बा निर्माण | ३००००० | तीन लाख मात्र । |
| १७ | आयोलोन प्रतिज्ञा ए.जी चर्च कार्यालय व्यवस्थापन | २४००० | चौबीस हजार मात्र । |
| | जम्मा | ३१५४००० | एकतीस लाख चौवन्न हजार मात्र । |

| सामाजिक विकास | | | |
|---|---|---|---|
| क.स | कार्यक्रमको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | नारी दिवश कार्यक्रम | ५०००० | पचास हजार मात्र । |
| २ | तिज विशेष कार्यक्रम | ५०००० | पचास हजार मात्र । |
| ३ | बाल दिवश कार्यकम | ५०००० | पचास हजार मात्र । |
| ४ | सरसफाई युक्त वडा कार्यक्रम | १००००० | एक लाख मात्र । |
| ५ | विपद् व्यवस्थापन | ५००००० | पाँच लाख मात्र । |
| ६ | महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई यातायात तथा प्रोत्साहन | ९६००० | छ्यानब्बे हजार मात्र । |
| | जम्मा | ८४६००० | आँठ लाख छ्यालीस हजार मात्र । |
| | कुल जम्मा | ४०००००० | चालीस लाख मात्र । |

वडा नं.२

| पूर्वाधार विकास | | | |
|---|---|---|---|
| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | धनबोट कृषि मो.बा. निर्माण योजना | ४००००० | चार लाख मात्र । |
| २ | गलसुका नवाइ् मो.बा निर्माण | ४५०००० | चार लाख पचास हजार मात्र । |
| ३ | लासबाङ टोल विकास संस्था भवन ममत, शाचालय र खानपानी योजना निर्माण | १७०००० | एक लाख सहत्तर हजार मात्र । |
| ४ | भगवती आ.वि पुरानो भवन झ्याल ढाका र मञ्च ममत तथा इन्टरनेट जडान | १६०००० | एक लाख साठ्ठी हजार मात्र । |
| ५ | ब्याङखोला आमा समूह भवन ढलान तथा झ्याल ढोका पल्ला निर्माण | १००००० | एक लाख मात्र । |
| ६ | गणेश गुफा टोल विकास संस्था भवन ढलान तथा खानेपानी योजना निर्माण | १००००० | एक लाख मात्र । |
| ७ | गलसुका टोलविकास संस्था भवन ढलान तथा झ्याल ढोका पल्ला निर्माण | १००००० | एक लाख मात्र । |
| ८ | सेमसेम ठाडखोरे भालुमारे खानेपानी योजना निर्माण तथा मर्मत | १००००० | एक लाख मात्र । |
| ९ | आरन व्यवस्थापन कर्कटपाता वितरण | ३०००० | तीस हजार मात्र । |
| १० | कृष्ण मा.वि भवन झ्याल पल्ला पुनःनिर्माण | ४०००० | चालिस हजार मात्र । |
| ११ | खापखोला फिल्ड निर्माण | २६०००० | दुई लाख साठ्ठी हजार मात्र । |
| १२ | झ्याङखोला-रामजानकोट ढाँडा मो.बा निर्माण | १५०००० | एक लाख पचास हजार मात्र । |
| | जम्मा | २०६०००० | बीस लाख साठी हजार मात्र । |

| सामाजिक विकास | | | |
|---|---|---|---|
| क.स | कार्यकमको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | टुहुरा विघार्थी बालबालिकाहरुलाई मासिक शैक्षिक भत्ता कार्यकम | १६०००० | एक लाख साठ्ठी हजार मात्र । |
| २ | विपन्न तथा जेहेन्दार विघार्थी शैक्षिक सामाग्री वितरण कार्यकम | ७०००० | सहत्तरी हजार मात्र । |
| ३ | महिला स्वास्थ्य स्वयंम सेवकाहरुलाई प्रोत्साहन | ६०००० | साठ्ठी हजार मात्र । |
| ४ | पूर्ण सरसफाई उन्मूख कार्यकम | १००००० | एक लाख मात्र । |
| ५ | अभिभावक शिक्षा कार्यकम | ५०००० | पचास हजार मात्र । |
| | जम्मा | ४४०००० | चार लाख नब्बे हजार मात्र । |
| | कुल जम्मा | २५००००० | पच्चीस लाख मात्र । |

माडी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा कर्णाली प्रदेश, नेपाल

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner

वडा नं.३

| पूर्वाधार विकास | | | |
|---|---|---|---|
| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | बुढा खेत खा.पा टयाङ्की निर्माण | ५०००० | पचाँस हजार मात्र । |
| २ | जुङ्गावाङ् खा.पा मर्मत | ७०००० | सहत्तरी हजार मात्र । |
| ३ | खेतघारी घर्तिटोल खा.पा टयाङ्की निर्माण | ७५००० | पचत्तर हजार मात्र । |
| ४ | सिमखोला कुवा निर्माण | ७५००० | पचत्तर हजार मात्र । |
| ५ | खर्चेखोला हिम टाकुरा खा.पा मर्मत | ५०००० | पचाँस हजार मात्र । |
| ६ | सितारे खोला खा.पा ट्रयाङ्की निर्माण | ५०००० | पचाँस हजार मात्र । |
| ७ | बैसेखोला खा.पा मर्मत | ५०००० | पचाँस हजार मात्र । |
| ८ | धारखोला खा.पा एक घर एक धारा निर्माण | १५०००० | एक लाख पचाँस हजार मात्र । |
| ९ | ने.रा. मा.वि तालावाङ क्यान्टीन निर्माण | १५०००० | एक लाख मात्र । |
| १० | ने.रा आ.वि घन्ठान फर्निचर निर्माण | ७५००० | पचत्तर हजार मात्र । |
| ११ | खारावाङ उपवाङ खनावाङ हुदै परिवर्तन-६ जोड्ने मो.बा | ५५०००० | पाँच लाख पचाँस हजार मात्र । |
| १२ | वडा कार्यालयको गेट निर्माण तथा घेरबार | १५०००० | एक लाख पचाँस हजार मात्र । |
| १३ | खेतघारी खा.पा कुवा निर्माण | ५०००० | पचाँस हजार मात्र । |
| १४ | वडा कार्यालयमा गार्डेन निर्माण | ५०००० | पचाँस हजार मात्र । |
| | जम्मा | १५९५००० | पन्ध्रँ लाख पन्चानब्बे हजार मात्र । |

| सामाजिक विकास | | | |
|---|---|---|---|
| क.स | कार्यकमको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | महिला स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन भत्ता | ६०००० | साठ्ठी हजार मात्र । |
| २ | नारी दिवस कार्यकम | ५०००० | पचाँस हजार मात्र । |
| ३ | पूर्ण सरसफाई उन्मुख टोल घोषणा कार्यकम | १००००० | एक लाख मात्र । |
| ४ | महिलाहरुका लागि क्षमता विकास कार्यकम | ५०००० | पचाँस हजार मात्र । |
| ५ | गर्भपतन तथा बालविवाह न्यूनिकरण कार्यकम | ५०००० | पचाँस हजार मात्र । |
| ६ | फुसको छानो हटाउने कार्यकम | १५०००० | एक लाख पचाँस हजार मात्र । |
| ७ | खारावाङ. आ.वि फाईबर नेट जडान | ३०००० | तीस हजार मात्र । |
| ८ | स्वास्थ्य चौकी व्यवस्थापन खर्च | ५०००० | पचाँस हजार मात्र । |
| ९ | विविध | ३६५००० | तीन लाख पैसठ्ठी हजार मात्र । |
| | जम्मा | ९०५००० | नौ लाख पाँच हजार मात्र । |
| | कुल जम्मा | २५००००० | पच्ची लाख मात्र । |

वडा नं.४

| पूर्वाधार विकास | | | |
|---|---|---|---|
| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | खलडाँडा खा.पा योजना मर्मत | १७०००० | एक लाख सहत्तरी हजार मात्र । |
| २ | हयाखोला खा.पा मर्मत बुढागाउँ | १००००० | एक लाख मात्र । |
| ३ | हौंजावाङ खा.पा टयांकी निर्माण | २००००० | दुई लाख मात्र । |
| ४ | छहरे खोला खा.पा टयांकी निर्माण | २००००० | दुई लाख मात्र । |
| ५ | जुगेखोला जुरवाङ् टयाकि निर्माण | २००००० | दुई लाख मात्र । |
| ६ | पोखरा डाँडा हिरपुले मो.बा निर्माण | २००००० | चार लाख रुपैयाँ मात्र । |
| | जम्मा | १०७०००० | दश लाख सहत्तरी हजार मात्र । |

| सामाजिक विकास | | | |
|---|---|---|---|
| क.स | कार्यकमको नाम | विनियोजित रकम | अक्षेरुपी |

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १ | श्री सन्तोष आ.वि कुटेचौर शिक्षण सिकाई अनुदान | ४५५००० | चार लाख पच्पन्न हजार मात्र । |
| २ | महिला स्वास्थ्य स्वयम सेवकाहरुलाइ यातायात तथा बैठक भत्ता र खाजा खर्च | ९०००० | नब्बे हजार मात्र । |
| ३ | जनतासँग वडा अध्यक्ष कार्यक्रम | १००००० | एक लाख मात्र । |
| ४ | वास कार्यक्रम तथा फोहोर मैला व्यस्थापन | ४०००० | चालिस हजार मात्र । |
| ५ | श्री ने.रा मा.वि आरुवा शिक्षण सिकाई अनुदान | ६२४००० | छ लाख चौबिस हजार मात्र । |
| ६ | सुनौला हजार दिनका आमा तथा दुई बर्ष मुनिका बालबालिका हरुलाई थप पुरक पोषण आहारका लागि स्पाईरोलिना | १२१००० | एक लाख एक्काई हजार मात्र । |
| | जम्मा | १४३०००० | चौध लाख तीस हजार मात्र । |
| | कुल जम्मा | २५००००० | . पच्चीस लाख मात्र । |

वडा नं.५

| पूर्वाधार विकास | | | |
|---|---|---|---|
| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | हिउवाङ सिंचाई पोखरी निर्माण | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| २ | कोटबाङ सिंचाई योजना निर्माण | ३५०००० | तीन लाख मात्र । |
| ३ | धाड खानेपानी एक घर एक धारा निर्माण | २००००० | दुई लाख मात्र । |
| ४ | हाङमाङ सिंचाई पोखरी निर्माण | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| ५ | उज्यालो स्तम्भ घेरबार तथा सजावट कार्यकम | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| ६ | मार्भेछरा गड्का खोला गोरडाँडा साना सिंचाई आयोजना | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| ७ | आमा समुह भवन निर्माण | २५०००० | दुई लाख पचास हजार मात्र । |
| ८ | बाछे झौवाङ दहवाङ डिपिन टयाङ्की निर्माण | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| ९ | ग्याबिन ज़ालि खरिद तथा ढुवानी | १५०००० | एक लाख पैंचास हजार मात्र । |
| १० | ताङधारा सिंचाई पोखरी घेरबार निर्माण | ५०००० | पचास हजार मात्र । |
| ११ | हिजावाङ् मोटरबाटो स्तर उन्नती तथा घुम्ती सुधार योजना | २००००० | दुई लाख मात्र । |
| १२ | काप्रावाङ् खानेपानी योजना | १००००० | एक लाख मात्र । |
| १३ | विविध | १००००० | एक लाख मात्र । |
| | जम्मा | २१५०००० | एक्काई लाख पचास हजार मात्र । |

| सामाजिक विकास | | | |
|---|---|---|---|
| क.स | कार्यक्रमको नाम | विनियोजित रकम | अक्षेरुपी |
| १ | महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई मासिक यातायात तथा खाजा खर्च | १५०००० | एक लाख पचास हजार मात्र । |
| २ | सरसफाई उन्मुख वडा घोषणा कार्यकम | ३००००० | तीन लाख मात्र । |
| ३ | एतिहासिक पौराणिक कृषि पर्यटन खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन | २००००० | दुई लाख मात्र । |
| ४ | शहिदहरुको जीवनी लेखन तथा विवरण संकलन | १००००० | एक लाख मात्र । |
| ५ | नागरिक सहायता कक्षा संचालन तथा व्यवस्थापन | १५०००० | एक लाख पचास हजार मात्र । |
| ६ | एस.युनिट नचारु समुहलाई सांकृतिक कार्यकमका लागि गाजा बाजा खरिद | ५०००० | पचास हजार मात्र । |
| | जम्मा | ९५०००० | नौ लाख पचास हजार मात्र । |

| आर्थिक विकास | | | |
|---|---|---|---|
| | कार्यकम | विनियोजित रकम | अक्षेरुपी |
| १ | मजवाङ् आलु पकेट क्षेत्र निर्माण कार्यकम | २५०००० | दुई लाख पचास हजार मात्र । |
| २ | मागमा आधारित कृषि कार्यकम संचालन | २००००० | दुई लाख मात्र । |
| ३ | भावाङ कृषि सहकारी संस्थाको कार्यालय व्यवस्थापन | १५०००० | |

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अमर सिंह घर्तीमगर
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४ | कृषि उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन | ३००००० | तीन लाख मात्र । |
| | जम्मा | ९००००० | नौ लाख मात्र । |
| | कुल जम्मा | ४०००००० | चालिस लाख रुपैया मात्र । |

वडा नं.६

समाजिक विकास

| क.स | योजनाको नाम | विनियोजित रकम | अक्षेरुपी |
|---|---|---|---|
| १ | गरिब तथा विपन्न बालबालिकाहरुलाई शैक्षिक सहयोग | १००००० | एक लाख मात्र । |
| २ | माडी-५ भित्रका विद्यालयहरुका लागि निशुल्क अनिवार्य परिक्षा संचालन खर्च | ७५००० | पचत्तर हजार मात्र । |
| ३ | श्री सिद्धकैलाश मा.वि मिसिडाँडालाई शिक्षण सिकाई अनुदान | ८५४४० | पचासी हजार चार सय चालिस मात्र । |
| ४ | विविध अभिमुखीकरण कार्यक्रम | ४०००० | चालिस हजार मात्र । |
| ५ | गर्भवती जाँचका लागि उत्प्रेरक सामाग्री खरिद | ३०००० | तीस हजार मात्र |
| ६ | सुत्केरीका लागि आवश्यक सामाग्री खरिद | ३०००० | तीस हजार मात्र |
| ७ | गर्भवती तथा सुत्केरी, जेष्ठ नागरिक र शहिद परिवारका लागि नि:शुल्क एम्बुलेन्स सेवा | १५०००० | एक लाख पचास हजार मात्र । |
| ८ | सुरक्षित नागरिक आवासको लागि फुसको छानो हटाउने कार्यक्रम | १००००० | एक लाख मात्र । |
| ९ | विभिन्न आन्दोलनमा शहिद तथा बेपत्ता र घाइते परिवारलाई सम्मान कार्यक्रम | ४०००० | चालीस हजार मात्र । |
| १० | पूर्ण सफाई मुक्त वडाका लागि अभिमुखीकरण र अनुगमन कार्यक्रम | ५०००० | पचास हजार मात्र । |
| ११ | कोर्चवाङ्ग स्वास्थ्य चौकीमा अति आवश्यक औषधी खरिद | ४०००० | चालीस हजार मात्र । |
| १२ | नि:शुल्क अनिर्वाय आधारभूत शिक्षाका लागि श्री सिद्ध कैलाश मा.वि माडी-६ का छात्र छात्राहरुका लागि आवासीय तथा भोजन खर्च व्यवस्थापन | १४५३५६० | चौधँ लाख त्रिपन्न हजार पाँच सय साठ्ठी मात्र । |
| १३ | श्री सिद्धकैलाश मा.वि मिसिडाँडा माडी ६ वार्डिनको लागि अनुदान | २१००० | एक्काई हजार मात्र । |
| १४ | सामुदायिक महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई यातायात खर्च | ६०००० | साठ्ठी हजार मात्र । |
| १५ | कोर्चवाङ्ग स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन | २०००० | बीस हजार मात्र । |
| १६ | दलित समुदायका लागि सचेतना कार्यक्रम | ३५००० | पैतीस हजार मात्र । |
| १७ | टोल विकास संस्थाहरुको लागि कार्यालय व्यवस्थापन खर्च | १२०००० | एक लाख बीस हजार मात्र । |
| १८ | विविध खर्च | ५०००० | पचास हजार मात्र । |
| | कुल जम्मा | २५००००० | पच्चीस लाख मात्र । |

| | | | |
|---|---|---|---|
| | खर्च अनुमान जम्मा | १८६३९७००० | अठार करोड त्रिसठ्ठी लाख सन्तान्बे हजार मात्र । |
| | स्रोत अनुमान जम्मा | १७९५१९००० | सत्र करोड पन्चानब्बे लाख उन्नाईस हजार मात्र । |
| | घाटा बजेट | ६८७८००० | अर्सठ्ठी लाख अठत्तर हजार मात्र । |

चालु आ.व मा खर्च हुन बाँकी भई अल्या हुने रकम विगतको प्रवृत्तिको विश्लेशनका आधारमा अनुमान गरेको भन्दा वढी हुन सक्ने देखिएकोले सोबाट बढी हुने रकम र आगामी आ.व मा ठेक्का घटाघटबाट बाँकी हुने रकमबाट माथी उल्लेखित बमोजिमको घाटा बजेट पूर्ति गर्ने व्यवस्था मिलाईने छ ।

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश नेपाल

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

Scanned with CamScanner